# ५ परमेश्वरको पवित्र चरित्र

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** मत्ती ११:१०, मर्कूस १:२, उत्पत्ति २:३, अयूब ४२:५,६, लुका ५:१-११, लुका ४:३१-३६, यशैया ६:१-३, प्रकाश ४:८,९।

***स्मरण गर्नुपर्ने पद:*** "परमेश्वरको सम्मान तथा इज्जत गर। उहाँको पवित्र पहाडमा उहाँको आराधना गर। हाम्रो परमेश्वर पवित्र हुनुहुन्छ।" (भजन ९९:९ रूपान्तरित)

***मूल सोच:*** परमेश्वरको पवित्रताको बारेमा बाइबलले धेरै ध्यान दिएकोछ। त्यस पवित्रताको बारेमा अध्ययन गर्दा परमेश्वरको चरित्रलाई कसरी देखाउँदछ? मुक्तिको योजनामा उहाँको पवित्रताको औचित्य के छ?

स्वर्गको परमेश्वरको अस्तित्वलाई बाइबलका सबै लेखकहरूले स्विकार गरेकाछन्। बाइबलमा धेरै दर्शन अर्थात् विद्याहरू छन्। ती मध्ये सत्य सनातन जीवित परमेश्वरलाई ती लेखकहरूले विश्वास गर्नु अत्यन्त उल्लेखनीय छ। बाइबलका कुनै पनि लेखकहरूले परमेश्वरको अस्तित्वलाई प्रश्न गरेका छैनन्। उहाँप्रति शङ्का व्यक्त गरेकाछैनन्। कसैले उहाँ हुनुहुन्छ कि हुनुहुन्न भनेर प्रमाणित पनि गर्न साहस गरेको छैन। परमेश्वर स्वर्गमा हुनुहुन्छ भन्ने सत्यतथ्यलाई हामीले पनि निसर्त र विना सवाल स्विकार गर्दछौं।

बाइबलमा ६६वटा ग्रन्थहरू छन्। परमेश्वर कस्तो हुनुहुन्छ र पतित मानव जातलाई उद्धार दिलाउन उहाँले कसरी काम गर्नुभएको थियो र कस्तो काम गरिरहनुभएको छ भनेर ती बाइबलका ग्रन्थहरूले (पवित्र पुस्तक) बिभिन्न उदाहरणद्वारा हाम्रो समक्ष प्रस्तुत गरेकाछन्।

परमेश्वरका धेरै स्वभावहरू छन्। ती मध्ये बाइबलको अनुसार एक स्वभाव अत्यन्त महत्त्वपूर्ण र गरिमामय छः त्यो हो परमेश्वरको पवित्रता। पुण्यता र धार्मिकता पनि पवित्रताको पूरक शव्दहरू हुन्। हो, परमेश्वर ममतामयी प्रेमिलो हुनुहुन्छ। उहाँ अति पवित्र हुनुहुन्छ, यद्यपि हामीले उहाँलाई "पिता" भनेर सम्वोधन गरेको चाहना गर्नुहुन्छ। हो, परमेश्वर धिरजी, क्षमाशील र हामीलाई हेरचाहा गर्नुहुन्छ। यस

अध्यायमा परमेश्वरको त्यस गरिमामय पवित्र स्वभावको बारेमा अध्ययन गर्नेछौं।

परमेश्वर पवित्र हुनुहुन्छ भनेर हामीले बुझ्नु अत्यन्त आवश्यक छ भनेर बाइबलले औंल्याउँछन्। परमेश्वरको पवित्रताको आत्मज्ञान थाहा पाउँदा उहाँ को हुनुहुन्छ भनेर उहाँको बारेमा बुझाउँछन् भनेर दुवै पुरानो र नयाँ करारले देखाउँदछन्। कुनै न कुनै रूपमा परमेश्वरको पवित्रताको विषयलाई बाइबल भरी देखाइएको छ।

जब हामी परमेश्वर पवित्र हुनुहुन्छ भनेर स्विकार गर्दछौं, तब त्यसको अर्थ के हो त? बाइबलले उहाँको पवित्रताको बारेमा कसरी वाख्या गरेकाछन्? अनि हामी पापी तथा खराब नियतले चलेका अपवित्र मानिसले त्यस पवित्र परमेश्वरको उपासक भएर आराधना गर्नु भनेको के हो त?

## १. "यसरी लेखिएको छ" (यर्मिया ७:१-१३)

सत्य परमेश्वरको बारेमा आफ्नै धारणाहरू कसरी बिकसित हुनेरहेछ भनेर हेर्न बिश्वको अध्यात्मिक इतिहास र इसाई इतिहासलाई सरसरती हेर्दा थाहा हुन्छ। अनि, बाइबलमा देखाएको परमेश्वरलाई पन्छाएर ती धारणाहरूको पूजा गर्नु पनि सजिलो भएको हामी पाउँछौं। फ्रान्सका बिश्व प्रशिद्ध चिन्तक भोल्टाएरले परमेश्वरको बारेमा उपहास गर्दै आफ्नो धारणा यसरी ब्यक्त गरेका थिए: "यदि परमेश्वरले हामीलाई उहाँको स्वरुपमा सृष्टि गर्नुभयो भने, उहाँको कृपालाई हामीले फर्काइ दियौं।" हामीमा परमेश्वरको बारेमा अस्पष्ट र गलत सोचाइ छ भनेर पनि हामीलाई थाहा नहुन सक्दछ।

परमेश्वरको बारेमा हाम्रो सोचाई ठिक वा बेठिक छ कि भनेर हेर्न हामी बाइबलमा फर्कनुपर्दछ र हाम्रो धारणालाई बाइबलको मापदण्ड अनुसार तौलनु पर्दछ। के परमेश्वरप्रति मेरो सोचाइ बाइबल सम्मत छ, भनेर हाम्रो चिन्तनलाई बाइबलसँग तुलना गर्नुपर्दछ र परमेश्वरको बारेमा उचित धारणाको आकार दिन पुरानोमात्र होइन नयाँ करारको अध्ययन पनि समावेश हुनुपर्दछ। ती दुवै बाइबलका ग्रन्थ वा करारहरू मानविय इच्छाले आएको नभएर परमेश्वरले बोल्नुभएर आएको हो। दुबै करारलाई तुलना गरेर परमेश्वरको बारेमा आत्मज्ञान हुनु जरूरी छ किनभने नयाँ करारको परमेश्वर पुरानो करारको भन्दा फरक छन् भनेर धेरै मानिसहरूले सोच्दछन्। तर नयाँ करारको परमेश्वर

पुरानो भन्दा फरक हुनुहुन्छ भन्ने तर्कमा सेभेन्थ-डे एडभेन्टिस्टहरू सहमत छैन। न त बाइबलले नै यस्तो धारणालाई सिकाउँदछ।

यर्मिया ७:१-१३को अनुसार पुरानो करारका अगमवक्ताहरूले (परमेश्वरको प्रवक्ता) त्यहि शव्दहरू बारम्बार दोहोऱ्याइरहेको किन पाउँछौं?

पुरानो करारका अगमवक्ताहरूले "परमेश्वरले यो भन्नु भयो" भनेर हजारौं पटक प्रयोग गरेकाछन्। अगमवक्ताहरू परमेश्वरको निम्तिमात्र बोल्नुभएको होइन तर उनीहरूबाट परमेश्वर बोलीरहनुभएको थियो भन्ने कुरा हामी सम्झनु पर्दछ।

फेरि त्यसै समयमा, पुरानो करारका वाक्यहरूले नयाँ करार भरिएकाछन् भन्ने तथ्य पनि नकार्नु हुँदैन। साँच्चिकै भनौं भने परमेश्वरको बारेमा नयाँ करारमा सिकाइएका सबै थोक पुरानो करारसँग घनिष्ट सम्वन्ध भएको पाइन्छ। येशूको बलि यसको ज्वलन्त उदाहरण हो। पुरानो करारमा भएका सम्पूर्ण बलि प्रणालीले येशूलाई औंल्याउँदछन्। त्यसकारण पुरानो करारको बलिप्रथासँग येशूको बलिलाई अलग्याउनै सकिँन्दैन। आफ्ना तर्कहरूलाई समर्थन जुटाउन येशू र नयाँ करारका लेखकहरूले कतिपटक पुरानो करारलाई प्रयोग गरेका थिए? आफू को हो भनेर औंल्याउन येशूले पुरानो करार नै प्रयोग गर्नुभएको थियो। सारा नयाँ करारको आधारशीला नै पुरानो करार हो। पुरानो करार वा नियम र नयाँ करार अर्थात् नियमलाई अलग्याउन कुनै उचित कारण नै छैन। सारा बाइबल धर्मग्रन्थ (पुरानो र नयाँ करार) परमेश्वरकै प्रेरणाद्वारा लेखिएको हो (२ तिमोथी ३:१६)।

मत्ती ४:४, मत्ती ११:१०, मर्कूस १:२, मर्कूस ७:६, यूहन्ना १२:१४,१५, प्रेरित १३:१३, रोमी ३:१०, गलाती ३:१३, १ पत्रुस १:१६ र १ कोरन्थी ५:७ पढ्नुहोस्। पुरानो करार र नयाँ करारसँगको बिचमा कस्तो घनिष्ठ सम्वन्ध छ भनेर माथिका पदहरूले हामीलाई कसरी बुझाउँछन्? पुरानो करारको बारेमा येशू र नयाँ करारका लेखकहरूले के सोच्नुभएको रहेछ भनेर ती पदहरूले कसरी स्पष्ट पार्दछन्?

अमेरिकाको प्रशिद्ध लेखक मार्क ट्वनले एक पटक भनेका थिए, "बाइबलका नबुझेका कुराहरूले मलाई अपठ्यारो पार्दैन। तर जुन कुराहरू म बुझ्छु त्यसले मलाई अपठ्यारोमा पार्दछन्।" बाइबलका

भागहरूले कसलाई अपठ्यारोमा पार्दैनन् र (२ तिमोथी ३:१६)? बाइबलका नबुझेका भागहरूप्रति हाम्रो धारणा कस्तो हुनुपर्दछ? बर्तमान जीवनमा नै मलाई सबै बाइबल थाहा छ भनेर कसैले दावी गर्न आँट गर्न सक्दछ र? हेर्नुहोस्: १ कोरन्थी १३:१२।

## २. अलग राखिनु अर्थात् चोख्याउनु (उत्पत्ति २:३)

**बाइबलमा सवभन्दा पहिलो पटक "पवित्र" भन्ने शव्द उत्पत्ति २:३मा प्रयोग गरेको छ। यहि पवित्र शव्दलाई शुद्धता, चोखो र स्वच्छ भनेर अनुवाद गरिन्छ। बाइबल कालमा सवभन्दा पहिलो पटक पवित्र ठानेको कुरा कत्तिको महत्त्वपूर्ण छ, सोच्नुहोस्।**

उत्पत्ति २:३ले पवित्र भन्ने शव्दलाई पहिलो चोटि हामीलाई बुझाइएको छ। यसले समयबाट नै समय निकालेर त्यस समयलाई अलग राखेको देखाउँछ। सातौं दिनको २४ घन्टा अरू दिन भन्दा फरक छैन। सूर्योदयदेखि सूर्यास्तसम्मको २४ घन्टालाई एक दिन भनिन्छ। तर सातौं दिनको २४ घन्टा अरू भन्दा किन फरक छन् त? किनभने यस दिनलाई परमेश्वरले पवित्र भनेर घोषित गर्नुभएको थियो। अरू बाँकि हप्ताको दिनलाई छुट्याएर यस दिनलाई अलग राख्नु भएकोथियो।

हिब्रू भाषामा चोखो पारिएको भन्नुको अर्थ पवित्र बनाउनु हो। कुनै वस्तु पवित्र भयो भनेर घोषणा गर्दा त्यो वस्तु अरू भन्दा चोखो भनेर सोच्नु हो। जुन वस्तु पुण्य छ त्यो वस्तु बिषेश वस्तु हो भनेर देखाउन त्यसलाई पवित्रताको संज्ञा दिइन्छ। अर्थात् अरू पवित्र नभएको वस्तुबाट अलग राखेर त्यसलाई पवित्र बनाइएको हो भनेर चोखो वा पवित्र उच्चारणले जनाउँछ।

यस प्रक्रियाले परमेश्वरको पवित्रतालाई पनि बुझ्न हामीलाई सहयोग गर्दछ। कुनै पनि सृष्टिभएका थोकहरूबाट परमेश्वर अलग हुनुभएको छ। उहाँ हाम्रो समझ शक्ति भन्दा अत्यन्त माथि हुनुहुन्छ, उहाँ अपार हुनुहुन्छ। साँच्चिक्कै भनौं भने मानिसको कुनै पनि वौद्धिक ज्ञानले उहाँको बारेमा स्पष्टसँग बुझाउन सक्दैन (के कमिलाले हात्तिको वयान गर्न सक्दछ र?-अनुवादकको जिज्ञासा)। अरू भन्दा विषेश हुनु नै पवित्र हुनु हो। त्यहि शिलशीलामा सातौं दिन अरू दिनहरू भन्दा विषेश दिन हो।

**परमेश्वरको पवित्रताको आत्मज्ञान पाउन देहायका पदहरूले केहि हदसम्म हामीलाई कसरी सिकाउँछन्, हेर्नुहोस्: प्रस्थान १५:११, १ सामुयल २:२, भजन ८६:८-१०, भजन ९९:१-३ र यशैया ४०:२५?**

परमेश्वर पवित्र हुनुहुन्छ भन्ने आत्मज्ञानले उहाँ सारा पापी मानिसहरूबाट अलग हुनुहुन्छ भनेर जान्नुपर्दछ। परमेश्वर सृष्टिकर्ता हुनुभएकै कारणले सृष्टि गरिएका हामीबाट उहाँ अलग हुनुहुन्छ। यस पवित्र भन्ने ज्ञानले नै हाम्रो निम्ति ख्रीष्टले के गर्नुभयो सो राम्रोसँग बुझाउन मद्दत गर्दछन्।

हो, हामी परमेश्वरको स्वरूपमा सृष्टि भएका मानव जगत हौं, यद्यपि उहाँ भन्दा हामी कुन कुन कारणले अलग छौं? ती भिन्तताले गर्दा नै हामीलाई मुक्तिदाताको आवश्यकताको महशूस किन हुनुपर्दछ? परमेश्वर र हाम्रो  बिचको भिन्नताको सूची बनाउनु होस् र विश्वासीहरूको बिचमा बाँध्नुहोस्।

## ३. खरानी र धुलो घसेर पश्चाताप गर्नु (अयूब ४२:५,६)

**सैतानको अत्याचारी र अन्यायी हातबाट अयूबले अत्यन्त महाकष्ट भोग्नु परेको थियो। अनि परमेश्वरलाई उनले आफ्नो पिडाबाट चित्कार गर्दै यसरी व्यक्त गर्दछन्: "मेरा कानहरूले तपाईंको बारेमा सुनिसकेकाछन्। अब मेरै आँखाले तपाईंलाई देखिसकेको छ। मप्रति मेरैबाट अत्यन्त घृणा जागेर आउँछ। तपाईंको खिलाफमा जे बोलें त्यसको निम्ति म अत्यन्त दु:खित छु। त्यसैले मेरो पछुताव व्यक्त गर्न म धुलो र खरानीमा बसिरहेकोछु।" (अयूब ४२:५,६ रूपान्तरित)। मानिसको पाप स्वभावबाट परमेश्वरको पवित्रता कत्तिको फरक रहेछ भनेर अयूबले व्यक्त गरेका मर्माहत भावनाहरूबाट कसरी देखाउँदछन्? परमेश्वरको उपस्थितिको अनुभव गरेपछि उहाँको सामु आफू कस्तो भएको छ, त्यसको अनुभव हामीलाई व्यक्त गर्दछन्। अयूबको भावनाले सुसमाचारलाई कसरी प्रस्तुत गर्दछ?**

परमेश्वरको पवित्रताको बारेमा अनुभव गरेका व्यक्तित्वहरूको बारेमा बाइबलले जतातत्तै उल्लेख गरिएकाछन्।

परमेश्वरप्रतिको निष्ठाबाट अलग भएको कारणले बेबिलोनका झ्यालखानामा परेका इस्रायली मानिसहरूलाई सान्त्वना दिन परमेश्वरले अगमवक्ता इजकियललाई मायालु पुर्वक पठाउनुहुन्छ। इजकियलले

पनि परमेश्वरको गरिमामय र तेजस्वीमय पवित्रताको आभास पाएका थिए। त्यहाँ के भयो? हेर्नुहोस्ः इजकियल १ः२५-२८।

आफ्ना बाबु र जुम्ल्याहा दाजु इसावलाई झुक्यायपछि याकूब आफ्नो घरबाट भाग्नु परेको थियो। त्यहि भाग्ने दौरानमा उनी एक जङ्गलको बिचमा बास बस्न पुगेका थिए। त्यहाँ ढुङ्गाको सिरानी बनाइ सुतेका थिए। त्यस राती उनलाई दर्शन भयो। त्यस दर्शनमा उनले एक भरेङ्ग देखेका थिए। त्यसबाट स्वर्गदूतहरू ओहोर दोहोर गरिरहेका थिए। त्यस भरेङ्गको टुपोबाट परमेश्वरले याकूबलाई सम्वोधन गर्नुभएको थियो। त्यस सम्वोधनको प्रतिक्रिया याकूबले कसरी व्यक्त गरेका थिए? हेर्नुहोस्ः उत्पत्ति २८ः१६,१८।

जब सीनै पहाडको मुनी मरुभुमीमा इस्रायलीहरूले शिविर खडा गरेर बसेका थिए त्यसबेला फेरि परमेश्वर बादलबाट ओर्ल्हनुभयो र मोसाका सामु त्यस सीनै पहाडमा देखापर्नुभयो। परमेश्वरको सम्मुख मोसा परेपछि उनको प्रतिक्रियापनि कस्तो थियो? हेर्नुहोस्ः प्रस्थान ३४ः८।

दानियललाई युद्धबन्दी बनाएर बेबिलोनमा (आधुनिक इराक) लगेका थिए। त्यहाँ उनले परमेश्वरप्रति बफादार भएकोले उहाँले उनलाई आशिष दिनुभएको थियो। शत्रु राष्ट्रको बिचमा पनि उनि एक ज्योतिबनि चम्कन सफल भएका थिए। त्यहि शिलशीलामा उनी त्यस देशको उच्च पद हासिल गर्न सफल भएका थिए। त्यस बेला दानियललाई परमेश्वरको दर्शन मिलेको थियो।

स्वर्गको प्रिय पात्र दानियल थिए भनेर धेरैपल्ट उनलाई भनिएको थियो। जब उनले परमेश्वरबाट दर्शन पाए तब उनको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्ः दानियल १०ः५-८। ती पदमा व्यहोरा दिएको अनुसार उनले त्यस्तो प्रतिक्रिया किन व्यक्त गरे त?

ती व्यक्तिहरू परमेश्वरप्रति आस्थावान र निष्ठावान थिए। उनीहरू पवित्र तथा धार्मिक चरित्रका मानिसहरू थिए। तिनीहरू परमेश्वरका अगमवक्ता अर्थात् प्रवक्ता थिए। जब तिनीहरू परमेश्वरको उपस्थितिको अनुभव गरे तब तिनीहरूमा भय जागेर आएको थियो। तिनीहरू डरले कामेका थिए। घोप्टो परेर परमेश्वरको आराधना गरेका थिए। उहाँप्रति तिनीहरूको अगाढ श्रद्धा जागेको थियो। त्यस महान् पवित्र, तेजस्वीमय र यशश्वीमय परमेश्वरको सामु पर्दा उहाँको सामु पर्नु आफू अयोग्य ठानेका हुनसक्दछ। पवित्रताले भरिएको परमेश्वरको सामु

आफ्ना पापी स्वभाग पग्लन गएका थिए। तिनीहरूलाई मुक्तिदाताको आवश्यकता, आफ्नो सट्टामा कोहि बोलिदिने चाहना आफ्नै तरिकाबाट तिनीहरूले व्यक्त गरेका थिए। पवित्र परमेश्वर र हामी जस्तो पतित मानिसहरूको बिचमा भएको खाल्डोलाई कसैले पुरिदेओस् भनेर तिनीहरूले हृदयदेखि पुकार गरेका थिए। परमेश्वरलाई धन्यबाद दिऔं, किनभने त्यो खाल्डो येशूले पुरिदिनुभएको छ। परमेश्वर र हाम्रो बिचमा उहाँ पुल बन्नु भएको छ।

**माथि उल्लेख गरेका परमेश्वरका जनहरूले पाएका अनुभव तपाईंले पनि पाउनुभयो रे? तपाईंको प्रतिक्रिया कस्तो हुनेथियो होला, र किन?**

## ४. मबाट हट्नुहोस् (लुका ५:१-११)

पवित्र परमेश्वरको सामु मानिस पर्दा उनीहरूको प्रतिक्रिया कस्ता थिए भनेर पुरानो करारका लेखकहरूले लेखेका वयानबाट हामीले सिक्यौं। ती सबै मानिसहरूको प्रतिक्रिया त्यहि खालका थिएः भय, थरथरी काँप्नु, श्रद्धाले भारविभोर हुनु र परमेश्वरको सामु लम्पछार पर्नु। तर नयाँ करारमा के छ त? कतिपय इसाईहरूले पनि पुरानो करारका परमेश्वरलाई नकारात्मक ढँगले चित्रण गरेको पाउँछौं। पुरानो पाराको, रिसाहा, झोक्कि वा तुरन्तै रिसाउने, बदला लिने, निष्ठुर, डरलाग्दो आदि भनेर तिनीहरूले परमेश्वरको चित्रण गरेको पाइन्छ। जब येशू आउनुभयो तब परमेश्वर अनुग्रही र प्रेमिलो भएर आउनुभयो भनेर तिनीहरूले तर्क गर्दछन्। हामीलाई थाहा भएको कुरो हो कि परमेश्वर र बाइबलप्रति यस्तो धारणा राख्नु सरासर गलत छ किनभने परमेश्वरले कहिलै पनि मन फेर्नुहुन्न वा बदल्नु हुन्न।

**परमेश्वरको पवित्रताप्रति नयाँ करारका लेखकहरूको धारणा कस्तो थियो भनेर नयाँ करारले हामीलाई सिकाउँदछन्? उदाहरणमा हेर्नुहोस्ः लूका ५:१-११। पुरानो र नयाँ करारका परमेश्वरको पवित्रताको बारेमा एउटै कुरा सिकाउँछन् भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्?**

ती माझीहरूले माछा समात्न रातभर प्रयास गरेका थिए। तर तिनीहरूले एउटा माछा पनि आफ्ना जालहरूमा पार्न सकेनन्। तर येशूको निर्देशनमा तिनीहरूले जाल हाल्दा जालीमा नअट्ने गरेर नै माछा परेका थिए। यो येशूको चमत्कार थियो। परिश्रमी चेलाहरूप्रति

उहाँ अत्यन्त संवेदनशील हुनुभएको थियो। यो आश्चर्य काम पछि चेलाहरूले उहाँलाई धन्यबाद दिनु साधारण शिष्टाचार नै थियो। तर पत्रुसले असाधारणतरिकाले आफ्नो कृतज्ञता येशूलाई जाहेर गरे। पुरानो करारमा जब मानिसहरूले परमेश्वरको सम्मुख परे तब कस्तो प्रतिक्रिया तिनीहरूले जनाए त्यस्तै खालको प्रतिक्रिया पत्रुसले जनाएका थिए।

"आफ्ना जालमा माछा परेपछि अचम्भित पत्रुसले माछा, डुङ्गाहरू र जालीलाई तुरन्तै बिर्से। त्यस्तो खालको अचम्मको काम उनको जिन्दगीमा कहिलैपनि देखेको थिएन। यस आश्चर्य कामले परमेश्वरको महान् शक्तिको प्रदर्शन गरिएको थियो। सारा प्रकृति येशूको खतनमा थियो भनेर पत्रुसले महशूस गरे। येशूको दैविक शक्तिको अगाडि आफू अपवित्र भएको पत्रुसले महशूस गरे। आफ्नो अविश्वासप्रति पत्रुसलाई ठूलो लाज लाग्यो। येशू परमेश्वर नै हुनुहुन्छ जो उसलाई र अरू पापीहरूलाई उद्धार गर्न आउनुभएको हो भनेर पत्रुसले तुरन्तै थाहा पायो। आफ्नो स्वामीप्रति उसको अथाह प्रेम र भक्ति थियो। उहाँको पवित्र उपस्थितको अगाडि आफू अपवित्र र अशुद्ध भएको महशूस गरे। जब पत्रुसका सहयोगीहरूले माछाहरूलाई जम्मा गर्दै थिए तब उनी येशूको पाउमा लम्पछार परेर भने, 'हे प्रभु म पापी मानिस हुँ। मबाट टाढा जानुहोस्।'"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्*, पृ. २४६बाट रूपान्तरित।

पत्रुसले यस्तो खालको भावना किन व्यक्त गरे? हामीहरू अदनको बँगैचामा अहिले नभएको कारणले नै हो। त्यस ताका आदम र हवाले बेलुकाको मन्द हावामा परमेश्वरको उपस्थितिलाई स्वागत गर्दथे। तर परमेश्वर र मानिसको बिचमा भएको घनिष्टता त्यसबेला तुतियो जब त्यस दम्पतीले पाप गरे, डराए अनि भागेर लुके। त्यहाँदेखि अहिले सम्म खास केहि परिवर्तन भएको छैन। यस्तो खालको क्रियाकलाप बाइबलको इतिहासभरी भएको पाउँछौं। जब कुनै व्यक्ति चाहे त्यो पुरुष होस् वा महिला, त्यसले जीवित परमेश्वरको सम्मुख पर्दछ आफ्नो पाप कत्तिको भयानक छ भनेर गहिरिएर बुझ्न थाल्दछ। आफ्नो पापको भयाभव चित्र उसको सामु देखा पर्दछ अनि आफू कत्तिको पापी रहेछ भनेर उसलाई महशूस हुन्छ।

**तपाईं कत्तिको पापी हुनुभएको रहेछ भनेर पछिल्लो कुन् समयमा महशूस गर्नुभएको थियो? तपाईंको एकमात्र आशा कहाँ छ र किन?**

## ५. जब सैतानका आत्माहरू बोल्दछन् (लूका ४:३१-३६)

खीष्टको पवित्रताको नमूना लूका ४:३१-३६मा कसरी देखाइएको छ? उहाँको पवित्रताको गवाहि कसले दिएको थियो? त्यसको महत्त्व के छ? परमेश्वरको पवित्रताको बारेमा हामीले यहाँ कस्तो पाठ सिक्न सक्दछौं?

स्वर्गमा अत्यन्त गरिमामय स्थानमा रहेका स्वर्गदूतहरू लुशिफरको कुरा सुनेर कतिपय तिनीहरू पतित भएका थिए। तिनीहरू स्वर्गदूतको सट्टा दुष्टदूत हुन पुगे। ती दुष्टदूतहरूलाई डिमोन अर्थात् राक्षस पनि भनिन्छ। तिनीहरूलाई येशू को हुनुहुन्छ भन्ने कुरा राम्ररी नै थाहा थियो। तिनीहरू जतिसुकै बदमाश, परमेश्वरप्रति घृणित स्वभाव पहिरेका र उहाँको बिरोधमा लागेतापनि येशूको पवित्रताप्रति तिनीहरूले अश्विकार गर्न सक्दैनन्। येशूले तिनीहरूलाई नाश गर्नुहुनेछ भनेर तिनीहरू भयभित भएका थिए भनेर माथिका पदहरूले स्पष्टरूपमा देखाउँदछन्। येशूदेखि तिनीहरू किन डराए त? तिनीहरू पापले यस्तरी भरिएका थिए कि परमेश्वरको पवित्रतादेखि तिनीहरू थुरथुर काम्दछन्। जसरी मानिसहरू आफ्ना पापले गर्दा परमेश्वरसँग भयभित हुन्छन्, त्यसरी नै ती दुष्टदूतहरू पनि उहाँदेखि भयभित भएका थिए।

बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तक हो। यसमा यूहन्नाले देखेका दर्शनहरू लेखिएका छन्। ती दर्शनहरूमा एउटा दर्शन प्रकाश १:१२-१७मा उल्लेख गरेका छन्। यसलाई पढ्नुहोस्। परमेश्वरको प्रेमको बारेमा सबैभन्दा धेरै जान्ने प्रेरितहरूमा यूहन्नाको स्थान अग्रपन्थीमा छ। जब उनले येशूलाई दर्शनमा देखे तब पुरानो करारका व्यक्तिहरूले पवित्र परमेश्वरलाई देखाएको श्रद्धाभक्ति जस्तै उनले पनि उहाँलाई देखाएका थिए।

स्वर्गमा स्वर्गका जनहरूले परमेश्वरको पवित्र मन्दिरमा उहाँको आराधना कसरी गर्दछन् भनेर यूहन्नाले दर्शनमा देखेका थिए। उनले मात्र होइन सयौं वर्ष पहिले यशैया अगमवक्ताले पनि त्यस्तै खालका दर्शन पाएका थिए। हेर्नुहोस्: यशैया ६:१-३।

**स्वर्गका जीवहरूले परमेश्वरको सिहाँसन वरिपरि रहेर उहाँको महिमाका गुणहरू गाएका थिए। तिनीहरूले उपासना गरेका कस्ता स्वरहरू यूहन्नाले सुने? हेर्नुहोस् प्रकाश ४:८,९।**

परमेश्वर प्रेमिलो हुनुहुन्छ। स्वर्गका सारा जीवहरूले उहाँको आराधना स्तुति गर्दछन्। तर ती स्वर्गका जीवहरूले "परमेश्वर प्रेमिलो,

प्रेमिलो, प्रेमिलो हुनुहुन्छ" भनेर उहाँको सिहाँसन वरिपरि रहेर जप गरेर उपासना गरेको पाइन्दैन। न त ती जीवहरूले "परमेश्वर असल, परमेश्वर असल, परमेश्वर असल" भनेर मानौं उहाँलाई खुशी पार्न भजन गाइरहेको देखाइएको छ। तर दिन रात परमेश्वरको पराक्रमको प्रशंसा गर्दै तिनीहरू यसरी गाउँदछन्, "पवित्र, पवित्र, पवित्र, पराक्रमी परमप्रभु परमेश्वर।" किन त भन्दा, किनभने सारा स्वर्ग नै परमेश्वरको प्रेमको सेवाकार्यमा लागिरहेका छन्। संसारको मुक्तिको निम्ति पनि तिनीहरू संलग्घन भइरहेका छन्। त्यसकारण जो परमेश्वरको सिहाँसनको वरिपरि खडा हुन्छ, तिनीहरूले दिनरात परमेश्वरको पवित्रताको भजन गाउँदछन्। ती जीवहरू पापरहित छन् र यद्यपि तिनीहरूले परमेश्वरको पवित्रताप्रति अगाढ श्रद्धा राख्दछन्। तर तिनीहरू पतित मानिसहरू जस्तै डराएर उहाँको सामु लुक्दैनन्।

परमेश्वरप्रति अगाढ श्रद्धा र भक्ति देखाउने पुरानो करारका व्यक्तित्वहरूले उहाँ तर्साउने वा भयभित स्वभाव भएका परमेश्वर हुनुहुन्छ भनेर आभास दिएको पाइन्दैन। बरू उहाँको तेजस्वीमय मुहारको सामु अन्तमा मानिसहरू पापी भएको महशूस गरेको हामी पाउँछौं। हुन त यो डरलाग्दो भावना हो। जब स्वर्गको परमेश्वरको सामु मानिसहरू साँच्चिक्कै देखा पर्दछन् तिनीहरू ताली बजाएर, हल्का गीतहरू गाएर उफ्रि उफ्रि नाचेर आफूहरूलाई उत्तेजित पारेको बाइबलले देखाउँदैनन्। बरू परमेश्वरका भक्तजनहरू नम्र भएको र व्यक्तिगत रूपमा आफ्ना पापहरूलाई स्विकार गरेको हामी पाउँछौं। प्रत्येकले आफ्ना आफ्ना दोषहरू देख्दछन् र आफू दोषी भएको स्विकार गर्दछन्। आफ्ना पापका कुनै पनि बहानाहरू उनीहरूले बनाउँदैनन्। न त तिनीहरूले अरूहरूको दोषलाई खोतल्दछन्। हरदम यदि परमेश्वरको उपस्थितको याद हामीले गर्न सक्यौं भने, हाम्रा वचन, जीवन, आचरण र क्रियाकलापहरू पनि कत्तिको फरक हुनेथियो होला?

**उपसंहार:**

<u>थप जानकारी:</u> जब मन्दिरको परिसरमा रहेका भिंडको सामु ख्रीष्ट उभिनुहुन्छ तब "त्यहाँ भएको अन्यौलता शान्त हुन्छ। हुलमुल र मोलामोल रोकिन्छन्। सन्नाटा छाउँछ। त्यो ठाउँ यस्तरी चुपचाप हुन्छ कि त्यो देखेर मानिसहरूमा पिडा जागेर आउँछ। अनि एक खालको श्रद्धाले भरिएको भिंडलाई भयले छोप्दछन्। ती मानिसहरूले गरेका

कुकृत्यहरूको लेखाजोखा दिन तिनीहरू परमेश्वरको न्यायको सामु उभिरहेको भान तिनीहरूमा हुन्छ। जब तिनीहरूले येशूको अनुहार देख्दछन् तब तिनीहरूले मानवी येशूको शरीरमा दैविक शक्ति झल्केको देख्दछन्। स्वर्गका प्रतापी महाराजा येशू न्यायको दिनमा खडा हुनेछन्.....जसरी ती मानिसहरूका हृदयलाई उहाँले पढ्नुभएको थियो, त्यसरी नै अन्तको समयमा सारा मानिसका हृदयलाई उदाङ्ग पार्नुहुनेछ। येरूशलेमको मन्दिरमा मोलतोल गरिरहेका भिँडका प्रत्येक मानिसहरूका आँखाहरूमा उहाँको आँखा पर्दछन्। परमेश्वरको शक्तिले ठाडो भएर उनीहरूको सामु उहाँ उभिएको देखिन्छ। स्वर्गको ज्योति उहाँको मुहारबाट चम्किन्छन्। जसरी सिनै पहाडमा पुजारी र मानिसहरूलाई परमेश्वरले व्यवस्थाको घोषणा गर्नुभएको थियो, जुन तिनीहरूले उलङ्घन गर्दछन्, त्यसरी नै येशूले स्पष्ट रूपमा घन्केर बोल्नुहुन्छ। त्यो आवाज मन्दिर वरिपरि सुनिन्थे। उहाँले चिच्चाउँदै आदेश दिनुभयोः 'यी वस्तुहरू यहाँबाट लैजाओ! मेरा पिताको घरलाई तिमीहरूले बजारमा परिणत गर्न कसरी आँट गर्न सक्यौ!' (यूहन्ना २:१६ रूपान्तरित)।

"खुडकिलाबाट बिस्तारै और्लहन्दै डोरी उठाएर पसलेहरूलाई मन्दिर छोड्न कडा आदेश दिनुहुन्छ। कहिलै पनि नदेखाउनुभएको रिस देखाएर पैसा साट्नेहरूका टेबुलहरू घोप्टयाइ दिनुहुन्छ.......उहाँले आफ्नो हातमा लिनुभएको डोरीले तिनीहरूलाई हिर्काउनु त हुन्न। तर उहाँको हातमा त्यो डोरी डरलाग्दो जलिरहेको तरवार जस्तो भएर देखापर्दछन्। मन्दिरका पदाधिकारीहरू, पुजारीहरू, पसलेहरू, पशुका व्यापारहरू आफ्ना भेँडा र गोरूहरू लिएर भागाभाग हुन्छन्। उहाँको क्रोधको सामु उनीहरू भयभित भएर भाग्न चाहेका थिए।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्*, पृ. १५८बाट रूपान्तरित।

**चिन्तनमननः**

क. यस अध्यायको दोश्रो बुँदाको प्रश्नको बारेमा फेरि सोच्नुहोस्। हामी र पवित्र परमेश्वरको बिचमा के फरक छ? के यस्ता उपायहरू छन् जसले गर्दा परमेश्वर र हाम्रो बिचको दुरीलाई हटाउन सकिन्छ?

ख. यस अध्यायमा हेरे अनुसार, आत्म-संतुष्टि र आफू कत्तिको धर्मात्मा छु भन्ने भावना कत्तिको खतरामूलक हुनसक्छ भन्ने कुरा के तपाईंले भेट्टाउनुभएको छ?

ग. कोहि मानिस जसले आफूलाई साधु, धर्मात्मा, सिद्ध वा पवित्र अर्थात् चोखो व्यक्ति भएको महशूस गर्दछ त्यसको बारेमा सोच्नुहोस्। त्यो व्यक्ति धार्मिक प्रवृति भएको, इमान्दारी, सोझो, स्वच्छ छवि भएको, परोपकारी, दानी आदि लक्षणहरू भएको हुनसक्दछ वा त्यो व्यक्ति अरू भन्दा आफू फरक छु भनेर छुट्टै पहिरन ओडेर स्वामी भनेर आदर्श देखाउन खोजेको व्यक्ति हो की? यस्तो खालको व्यक्तिप्रति तपाईंको धारणा कस्तो छ? यस्तो खालको मानिसको अगाडि तपाईं उभिन्दा तपाईंलाई कस्तो अनुभव हुन्छ? के त्यसले तपाईंको मनमा असल वा खराब असर दिन्छ? दिन्छ भने किन?

**सारांशः** परमेश्वरको पवित्रता भन्दा उहाँको प्रेमको बारेमा ध्यान दिनु असल त देखिन्छ नै। तर त्यसले सत्यतालाई बँग्याइदिन सक्दछ। डरले काँप्दै परमेश्वरको पवित्रताको सामना हामीले गर्नुपर्दछ। यदि हामीले परमेश्वरको पवित्रतालाई बुझ्न सक्यौं र उहाँको सामु हामी कत्तिको पापी रहेछौं भनेर आभार पाउन सक्यौं भने हाम्रो पापको निम्ति शुद्ध रगत बगाउनुभएको येशूको बलिलाई बुझ्न सक्दछौं। फेरि यसले उहाँको बलिदान किन आवश्यकता छ भनेर पनि बुझाउन सहायता गर्दछ। येशूको बलीले केवल हामीलाई माया गरेर हाम्रो निम्ति बलिदान हुनुभएको मात्र नभएर परमेश्वरले चुकाउनुभएको मूल्यको अर्थ गहिरो रूपमा पनि बुझ्न परमेश्वरको पवित्रताको आत्मज्ञानले सिकाउँदछ।